# आर्थिक वर्ष २०७७/०७८
# को

# बजेट बक्तव्य

# महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल ।

# महाकुलुङ गाँउपालिकाको गाउँसभा २०७७ साल अषाढ  २८ गते

## उपाध्यक्ष श्री विपना कुलुङ ज्युले

प्रस्तत गर्नुभएको बजेट बक्तव्य

## आर्थिक वर्ष २०७७/०७८ को

## बजेट बक्तव्य

# महाकुलुङ गाउँपालिका
## बुङ, सोलुखुम्बु
## १ नं. प्रदेश, नेपाल

**गाउँसभाका अध्यक्ष महोदय, गाउँसभाको अन्य सदस्य, कर्मचारी, सुरक्षाकर्मी तथा पत्रकार ज्यूहरु ।**

१. महाकुलुङ गाँउपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभासमक्ष आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु । यस अवसरमा देश र जनताको निम्ति जीवन समर्पन गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रृन्दान्जली व्यक्त गर्न चाहन्छु । साथै सामाजिक न्याय, आर्थिक सम्मुन्नति, राजनीतिक परिवर्तनका लागि संघर्ष गर्नुहुने महान जनता र नेतृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वप्रति आभार प्रकट गर्न चाहन्छु ।

२. लामो समय देखि जनताको राजनीतिक संघर्ष पश्चात स्थानीय तहको निर्वाचन सँगै नेपालको संविधानमा व्यवस्था भए बमोजिमको नयाँ राज्य व्यवस्थाको सुरुवात भए सँगै देशव्यापी विकासको लहर सुरु भएको छ । यो अवधिमा शासन व्यवस्थामा अन्योलता, कर्मचारीको अपर्याप्तता, पूर्वाधारको कमी जस्ता समस्याहरु सामना गर्नुपरेको छ । यस बाबजुत पनि यहाँका जनताले नजिकमा सेवा र गाउँ टोलमा विकासका अनुभूति गरेका छन् ।

३. अपार प्राकृतिक श्रोत र प्राकृतिक मनोरम, खेतियोग्य जमिन, मेहनती जनता यहाँका सम्पत्ति हुन् । नेतृत्व वर्गले यिनै सम्पत्तिलाई जनताको खुशीमा परिवर्तन गर्न सके सम्वृद्ध महाकुलुङको अभियान सफल हुनेछ ।

४. वर्तमान सरकारले आत्मसात गरेको **समृद्ध नेपाल, सुखी नेपाली** को राष्ट्रिय आकांक्षालाई मध्यनगर गरिएको छ । सामाजिक न्याय सहितको तीब्र विकास, सुशासन सहितको जनउत्तरदायी स्थानीय सरकार, सभ्य र सुसस्कृत समाज निर्माण गर्दै समतामूलक विकासको निम्ति महाकुलुङ गाउँपालिका लागि परेको छ ।

५. जनताले नजिकबाट सर्वसुलब तरिकाले सार्वजनिक सेवा लिने अवस्था सिर्जना भएको छ । सार्वजनिक निकायबाट भोग्नु परेको अनावश्यक सास्तीको अन्त्य भई जनतामा स्थानीय सरकार प्रतिको विश्वसनियता वृद्धि भएको छ ।

६. गरिबी, विपन्नता, निरक्षरता र पछौटेपनको शिघ्र अन्त्य हुनेछ । स्थानीय जनतामा रोजगारीको अवसर, सार्वजनिक सेवाको सर्वसुलभता, बचत गर्ने बानीको विकास, आधारभूत शिक्षा र प्राथमिक स्वास्थ्यमा पहुँच, सामाजिक न्याय र सुरक्षाको प्रत्याभूति भएको छ ।

७. निजी, सहकारी, अर्धसरकारी संघ सस्ँथाहरुलाई गाउँपालिकाले विकासको साझेदारीको रुपमा स्वीकार गरेको छ । लगानी मैत्री वातावरण र संरचना निर्माणमा ध्यान केन्द्रित भएको छ ।

८. धार्मिक, साँस्कृतिक, प्राकृतिक तथा जैविक विविधतालाई गाँउपालिकाले महत्वपूर्ण स्रोतको रुपमा लिएको छ । पर्यटन क्षेत्रको पूर्वाधारको विकास मार्फत पर्यटन विकासको माध्यमबाट सामाजिक तथा आर्थिक उन्नयन गर्ने अभियानमा गाउँपालकिाले कदम चालेको छ ।

९. महाकुलुङ गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघ र प्रदेशको बजेट सीमा, महाकुलुङ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, दीगो विकासको लक्ष्य आदिलाई आधारको रुपमा लिएको छु । साथै स्थानीय सामाजिक संघ संस्था, बुद्धिजिवि, राजनीति कर्मी, भद्र भलाद्मी आदिको सुझावहरुलाई पनि मार्गदर्शनको रुपमा लिएको छु । चालु आर्थिक वर्षमा हासिल भएका उपलब्धिहरु संस्थागत गर्दै नागरिकको सामाजिक र आर्थिक हीत प्रबर्दन गर्न उपलब्ध श्रोतको समन्यायिक बाँफफाँड, सेवाको सरल र समान वितरण, विकासमा समान सहभागीता, जनतामा विकासको स्वामित्त ग्रहण जस्ता महत्वपूर्ण कुराहरुमा विशेष ध्यान दिएको छु ।

**सम्मानित अध्यक्ष महोदय,**

१०. अब म महाकुलुङ गाउँपालिकाको आर्थिक स्थितिको सामान्य जानकारी गराउन अनुमति चाहन्छु ।

- चालु आ.व. को वित्तीय प्रगति सन्तोषजनक रहेको पाइन्छ । चालु खर्च भन्दा विकास खर्चको हिस्साको प्रगति उपलव्धीमूलक भएको पाइन्छ ।
- गाउँपालिकामा आधुनिक कृषि प्रणालीको सुरुवात भएको छ । यसले कृषकको आयस्तर वृद्धि गर्नमा महत्वपूण सहयोग पुगेको पाइन्छ ।
- बुङ बजार व्यवस्थित हुदै गएको छ । जसले गर्दा व्यपारी र ग्राहकको सन्तुष्टिमा वृद्धि भएको छ ।
- अलैची, सतुवा, चिराइतो लगायत महत्वपूर्ण जडिबुटिको उत्पादन, निकासी तथा व्यापारलाई व्यवस्थित गर्ने कार्य भएको छ । जुन गाउँपालिकाको महत्वपूण आयश्रोतको रुपमा रहेको छ ।
- सडकको विस्तारले दैनिक उपभोग्य सामान लगायतको मूल्य घट्न गई सर्वसाधारण जनताको जीवनस्तरमा सुधार आएको छ ।
- वस्तु निर्यात भन्दा आयात बढी रहेकोले स्थानीय उत्पादनलाई बढी प्राथमिकता दिनुपर्ने नीति अबलम्बन गर्नुपर्ने देखिन्छ ।
- राजस्व परिचालनकोलक्ष्य नजिक पुगेको देखिदैन । त्यसैले राजस्व प्रशासनलाई चुस्त, दुरुस्त र प्रभाबकारी बनाउने रणनीति गाउँपालिकाले लिनु पर्ने देखिन्छ । राजस्व प्रणालीमा द्धिविधा विद्यमान देखिन्छ ।
- जनतामा आर्थिक असन्तुलन देखिन्छ । त्यसैले विपन्न र लक्षित उम्मूख कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- बचत तथा ऋण सहकारी संस्थाहरुको उपस्थिति संख्यात्मक रुपमा मात्र रहेकोलेउत्पादनमूलक कार्यमा उत्प्रेरित गर्नु आवश्यक देखिन्छ ।

**अध्यक्ष महोदय तथा अन्य सदस्य ज्यूहरु,**

११. अब म आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्य र प्राथमिकता निम्नानुसार छन् :

- कृषि सडकको विस्तार र स्तरोन्नती गरी नागरिकलाई यातायातको पहुँचमा पुर्‍याउने ।
- कृषि र पशुपालनको उत्पादन गुणस्तर वृद्धि गरी आयात प्रतिस्थापन गर्दै निर्यात बढाउने ।
- पर्यटन क्षेत्रलाई विकास र विस्तार गरी समग्र गाँउपालिका नै पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने ।
- उपलव्ध श्रोत साधनको न्यायोचित वितरण तथा बाँडफाँड, विकासमा समान सहभागिता, संबृद्ध महाकुलुङको निर्माणमा एकता कायम गराइने ।
- स्वास्थ्य र शैक्षिक गुणस्तर बृद्धि गर्ने ।
- सामाजिक बेमेल र आर्थिक विषमतालाई अन्त्य गर्ने ।
- सामाजिक कलह, झगडा र विपत्तिहरुलाई अन्त्य गरिने ।
- युवा स्वरोजगार कार्यक्रलाई बढवा दिने ।
- जनतामा मौलिक हकको प्रत्याभुति दिलाइने ।
- सेवा प्रवाहको गुणस्तर बृद्धि गरी प्रक्रियागत झन्झटलाई अन्त्य गर्ने ।
- खाद्यसुरक्षाको प्रत्याभूति गरिने ।
- महिला तथा लक्षित समूहको सशक्तिकरण गरिने ।

१२. अब म बजेट तर्जुमाका आधार र सिद्धान्तहरु प्रस्तुत गर्न चाहन्छ ।

- नेपालका संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- राष्टिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,
- संघ र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्डहरु,
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति, हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४,
- अन्तरसरकारी वित्तीय हस्तान्तरण निर्देशिका,
- दीगो विकासको लक्ष्य,
- संघीय, प्रादेशकि र स्थानीय तहको आवधिक विकास योजना,
- स्थानीय तहको मध्यकालीन खर्च संरचना,
- उपलव्ध श्रोत र साधन,
- विकासका अन्तसम्बन्धित विषयहरु,
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
- संघ र प्रदेशले अबलम्बन गरेका आर्थिक नीतिहरु,

- विकासका आवधिक योजना, रणनीतिक योजना, क्षेत्रगत गुरुयोजना,
- संघीय सरकार र प्रदेश सरकारको निर्देशन तथा परिपत्रहरु,
- राजस्व परामर्श समितिको प्रतिबेदन आदि ।

## सम्मानित अध्यक्ष महोदय,

१३. महाकुलुङ गाउँपालिकामा आर्थिक वर्ष २०७७/०७८ को लागि देहायका श्रोतहरुबाट आम्दानी प्राप्त भएको अनुमान छः

- संघीय सरकार वित्तिय समानिकरणबाट प्राप्त अनुमानित आय रु.**९ करोड ४० लाख ।**
- संघीय सरकार सशर्त अनुदानबाट प्राप्त अनुमानित आय : रु.**१० करोड ९ लाख ।**
- संघीय सरकार विशेष अनुदान **रु. ८० लाख ।**
- संघीय सरकार राजस्व बाँडफाडबाट प्राप्त अनुमानित आय **रु.७ करोड ८ लाख ८३ हजार ९ सय ५०** ।
- प्रदेश सरकार वित्तिय समानिकरणबाट प्राप्त आय अनुमानित आय रु.**७० लाख ३६ हजार ।**
- प्रदेश सरकार राजस्व बाँडफाडबाट प्राप्त अनुमानित आय रु.**१८ लाख ५४ हजार** ।
- प्रदेश सरकार शसर्त अनुदान रु.**१ लाख ।**
- **प्रदेश समपुरक रु. १ करोड**
- आन्तरिक आय/राजस्व समेत : **रु.१२ लाख ।**
- गत आ.व.को नगत मोज्दात **रु.१ करोड २६ हजार ५० मात्र ।**

१४. कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिबेदन, राजस्व परामर्श समितिका प्रतिबेदन, वडागत योजना प्राथमिकिकरण जस्ता विषयलाई प्राथमिकतामा राखिएको छ ।

१५. अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, प्रदेश सरकार बाट प्राप्त पत्र तथा प्रदेश बजेट बक्तव्य र आ.व. २०७६/०७७ को बैकं मौज्दातको आधारमा आ.व. २०७७/०७८ मा महाकुलुङ गाउँपालिकामा प्राप्त अनुमानित आय **जम्मा रु.३०,४०,००,०००।- (अक्षरेपी तीस करोड चालिस लाख मात्र)**।रहेको छ ।

१६. अब म गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु, वडा कार्यालय, क्षेत्रगत कार्यक्रम तथा विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

क) संघीय सरकार शसर्त अनुदान कार्यक्रम **रु.१० करोड ९ लाख ।**

ख) संघीय सरकार विशेष अनुदान कार्यक्रम **रु.८० लाख** ।

ग) प्रदेश सरकार सशर्त अनुदान कार्यक्रम **रु.१ लाख ।**

घ) प्रदेश समपुरक अनुदान तर्फको कार्यक्रम **रु.१ करोड ।**

संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त सशर्त तर्फको कार्यक्रमहरु कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम कार्यान्वयन गरिनेछ ।

ङ) महाकुलुङ गाउँपालिका, वडा नं. १ जम्मा विनियोजन **रु. १ करोड ६ लाख** ।

च) महाकुलुङ गाउँपालिका, वडा नं. २ जम्मा विनियोजन **रु. १ करोड १ लाख ।**

छ) महाकुलुङ गाउँपालिका, वडा नं. ३ जम्मा विनियोजन **रु. १ करोड ६ लाख** ।

ज) महाकुलुङ गाउँपालिका, वडा नं ४ जम्मा विनियोजन **रु. १ करोड १ लाख ।**

झ) महाकुलुङ गाउँपालिका, वडा नं. ५जम्मा विनियोजन **रु. १करोड १ लाख ।**

ञ) महाकुलुङ गाउँपालिका स्वास्थ्य शाखा जम्मा विनियोजन **रु. ७० लाख** ।

ट) महाकुलुङ गाउँपालिका कृषिशाखा जम्मा विनियोजन **रु. ३० लाख ।**

ठ) महाकुलुङ गाउँपालिका पशु सेवा शाखा जम्मा विनियोजन **रु. ७० लाख** ।

ड) महाकुलुङ गाउँपालिका शिक्षा शाखा जम्मा विनियोजन **रु. ४० लाख** ।

ढ) महाकुलुङ गाउँपालकिा महिला तथा बालबालिका शाखा **रु. १० लाख ।**

ण) महाकुलुङ प्राथमिक अस्पताल सञ्चालन तथा व्यवस्थापन **रु. २० लाख** ।

त) गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको जम्मा विनियोजन **रु. ४ करोड ।**

**थ)** महाकुलुङ गाउँपालिकाद्धारा सञ्चालित योजना तथा कार्यक्रमको लागि विनियोजन

**रु. ६ करोड ९५ लाख ।**

## अध्यक्ष महोदय,

१७. अब म महाकुलुङ गाउँपालिकाको गौरबका आयोजना तथा कार्यक्रमहरुको एकमुष्ट बजेट विनियोजन सम्बन्धी विवरण पेश गर्न चाहन्छु ।

**क)** महाकुलुङ गाउँपालिका वडा नं. १ पात्ले देखि बुङ चोक सम्म सडक स्तरोन्नती निर्माण कार्यको ठेक्का क्रमागत रही सो योजनाको लागि रु. ५७ लाख मात्र विनियोजन गरिएको छ ।

**ख)** महाकुलुङ गाउँपालिका वडा नं. ५ मा आ.व. २०७६/२०७७ मा प्रदेश सरकार समपुरक कोषबाट सञ्चालित एक घर एक धारा निर्माण कार्यको बाँकी कामको लागि रु. ३७ **लाख** मात्र विनियोजन गरिएको छ ।

**ग)** महाकुलुङ गाउँपालिका वडा नं. ४ मा प्रदेश सरकार समपुरक कोषबाट सञ्चालित हुने एक घर एक धारा निर्माण कार्यको समपुरक कोषको लागि ३१ लाख मात्र विनियोजन गरिएको छ ।

**घ)** महाकुलुङ गाउँपालिका वडा नं. ५ को वडा कार्यालय भवन निर्माण गर्न घडेरी सम्याउनको लागि आ.व. २०७६/०७७ मा कार्य सम्पन्न भई अपुग बजेट रु. २५ लाख मात्र उपभोक्ता समितिलाई भुक्तानीको लागि विनियोजन गरिएको छ ।

**ङ)** महाकुलुङ गाउँपालिका वडा नं. २ मा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत निर्माण भइरहेको ४५ लाख लागतको क्रमागत योजनाको लागि अपुग बजेट रु. २५ लाख मात्र विनियोजन गरिएको छ ।

**च)** गाउँपालिकाको केन्द्र बुङमा सञ्चालित सर एडमण्ड हिलारी बृद्ध हेरचाह तथा स्याहार केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि रु. ७ लाख मात्र विनियोजन गरिएको छ ।

**छ)** **महाकुलुङ गाउँपालिका वडा नं.** २ मा तोल्वा ट्रष्ट ब्रिज तथा गोरेटो बाटो निर्माणको लागि रु. ३० लाख मात्र विनियोजन गरिएको छ ।

**ज)** महाकुलुङ तालको लागि जग्गा प्राप्ति तथा भौतिक संरचना निर्माणको लागि रु. ३० लाख मात्र विनियोजन गरिएको छ ।

**झ)** **महाकुलुङ चक्रपथ** अन्तर्गत चोचोलु नाम्लु  खण्ड सडक ट्र्याका ओपनको लागि रु. १५ लाख मात्र विनियोजन गरिएको छ ।

**ञ)** फोहोरमैला व्यवस्थापनको लागि महाकुलुङ गाउँपालिका वडा नं. १ मा डम्पिङ साइट निर्माण तथा व्यवस्थापनको लागि रु. १० लाख मात्र निनियोजन गरिएको छ ।

**ट)** महाकुलुङ प्राथमिक अस्पतालमा पोष्टमार्टम गृह निर्माण तथा व्यवस्थापनको लागि रु. १२ लाख मात्र विनियोजन गरिएको छ ।

**ठ)** सामूहिक समाधिस्थल निर्माण तथा व्यवस्थापनको लागि रु. १० लाख मात्र विनियोजन गरिएको छ ।

**ड)** निजी शिक्षक अनुदान कार्यक्रमको लागि रु. १ करोड २५ लाख मात्र विनियोजन गरिएको छ ।

**ढ)** फेसन डिजाइन तालिम कार्यक्रम सञ्चालन गर्न रु. १५ लाख मात्र विनियोजन गरिएको छ ।

**ण)** महाकुलुङ गाउँपालिकालाई छुवाछुतमूक्त गाउँपालिका घोषणा गर्न रु. ४ लाख ४३ हजार मात्र विनियोजन गरिएको छ ।

**त)** महाकुलुङ गाउँपालिका वडा नं. ४ मा मिनारी दाचाम लो निङदोङ फाइम कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि रु. १० लाख मात्र विनियोजन गरिएको छ ।

**थ)** महाकुलुङ गाउँपालिकाको वृत्त चित्र निर्माणको लागि रु. १५ लाख मात्र विनियोजन गरिएको छ ।

**द)** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि रु. १५ लाख मात्र विनियोजन गरिएको छ ।

**ध)** महाकुलुङ गाउँपालिका वडा नं. १ पात्ले भीरमा पार्क निर्माणको लागि रु. १० लाख मात्र विनियोजन गरिएको छ ।

**न)** महाकुलुङ गाउँपालिका वडा नं. १ स्थित बुल्तोसुम हुर्हुरे सामुदायिक भवन निर्माणको लागि रु. १५ लाख मात्र विनियोजन गरिएको छ ।

**प**) महाकुलुङ गाउँपालिका वडा नं. ३ मा कुलुङ संघको भवन निर्माणको लागि रु. २० लाख मात्र विनियोजन गरिएको छ ।

**फ**) भुवाखोला लघुजलविद्युत आयोजनाको पावर हाउस मर्मत संभार तथा शौचाल निर्माणको लागि रु. ६ लाख मात्र विनियोजन गरिएको छ ।

**ब**) महाकुलुङ गाउँपालिका वडा नं. ४ मा सिलुछो पिक पर्यटन पदमार्ग निर्माणको लागि रु. १० लाख मात्र विनियोजन गरिएको छ ।

**भ**) वडा नं. १ को पात्ले बुङ चोक, २ को बुङ चोक देखि वोखम फुस्ला, ३ को वोखम देखि देवीथान फुस्ला, ४ को देवीथान देखि गुदेल मा.वि., ५ को गुदेल मा.वि. देखि सोताङ सिमाना नाम्लुङ सम्म सडक स्तरोन्नतीको डिपिआर निर्माण गर्न रु. १५ लाख मात्र विनियोजन गरिएको छ ।

**म**) गत्तेल-बुल्तोसुम र कोलाम-खिरौले सडक स्तारोन्नतीको डिपिआर निर्माण गर्न रु. ५ लाख मात्र विनियोजन गरिएको छ ।

**य**) महाकुलुङ प्राथमिक अस्पतालमा **One Heart World Wide** सँग साझेदारीमा बर्थिङ सेन्टर निर्माणको लागि रु. ४ लाख १७ सत्र हजार मात्र विनियोजन गरिएको छ ।

**र**) न्यायिक समिति मार्फत मेलमिलाप कर्ता तालिम सञ्चालन तथा व्यवस्थापनको लागि रु. ७ लाख मात्र विनियोजन गरिएको छ ।

**ल**) पोम्लालुङ तथा पोम्लाकाउ संरक्षण विकास कोष समिति मार्फत पोम्लालुङ संरक्षण तथा व्यवस्थापको लागि रु. १५ लाख मात्र विनियोजन गरिएको छ ।

**व**) घरेलु हिसां प्रभावितका लागि जिल्ला सेवा केन्द्र सोलुखुम्बुलाई आर्थिक सहायता रु.. १ लाख २६ हजार मात्र विनियोजन गरिएको छ ।

**श**) फुक्स्ला देखि मामेर्कु सडक ट्र्याक ओपनको लागि रु. २५ लाख मात्र विनियोजन गरिएको छ ।

**ष**) घिउपात देखि तैपु हुँदै भिरथाप्ला सडक ट्र्याक ओपनको लागि रु. १० लाख मात्र विनियोजन गरिएको छ ।

**स**) खाम्सिदो देखि कंखो खोला सम्म महाकुलुङ चक्रपथ स्तरोन्नती रु. १२ लाख विनियोजन गरिएको छ ।

**ह**) चेरेम गाईखर्क विद्युत विस्तारको लागि १५ लाख विनियोजन गरिएको छ ।

**क्ष**) सूचना तथा प्रविधि विकास कार्यक्रमको लागि रु. ८ लाख विनियोजन गरिएको छ ।

**त्र**) शहिद स्मृति भवन डिपिआर निर्माणको लागि रु. ६ लाख विनियोजन गरिएको छ ।

**ज्ञ**) महाकुलुङ गान र गाउँपालिकाको लोगो निर्माणको लागि रु. ५ लाख विनियोजन गरिएको छ ।

**क**) हुँगा खोला ह्युम पाइप खरिद तथा व्यवस्थापन रु. १० लाख विनियोजन गरिएको छ ।

**ख**) जि फाउण्डेशन तथा पहाडी विकास संरक्षण समूह नेपालसँगको साझेदारीमा रोजगार कार्यक्रम ४ लाख ५७ हजार मात्र ।

**ग**) अबन्डा रु. १३ लाख मात्र ।

यी कार्यक्रम तथा योजनाहरुको सञ्चालन तथा कार्यान्वयनको लागि सम्बद्ध सबै पक्ष जिम्मेवार रहेमा हामीले सोचेको सम्बृद्ध महाकुलुङ  निर्माणमा अवस्य टेवा पुग्नेछ भन्ने मैले विश्वास गरेको छु ।

१८. अब म महाकुलुङ गाँउपालिका अन्तर्गतका ५ वटै वडाहरुबाट प्राप्त कार्यक्रम तथा योजनाहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## १९. **वडा नं. १ को स्वीकृत योजना तथा कार्यक्रमहरुः**

### **क) वित्तीय समानिकरणः ८६ लाख ।**

१) कार्यालय सञ्चालन तथा विविध खर्च : **रु.७ लाख ।**

२) लक्षित वर्ग अन्तर्गत

१)जेष्ठ नागरिकः रु.**५० हजार** ।

२)बालबालिका : **रु.५० हजार ।**

३)दलित : **रु.५० हजार ।**

४)महिला : **रु.१ लाख ।**

५)फरक क्षमता : **रु.५० हजार ।**

६)जनजाति : **रु.१ लाख ।**

३) कृषि शाखा सडक ट्रयाक ओपन पात्ले मूख्य सडक देखि शहिद स्मृति भवन सम्म **रु.३ लाख** ।

४) कृषि शाखा सडक ट्रयाक ओपन पात्ले मूख्य सडक देखि पात्ले सिरान केल्चोक सम्म रु.**१३ लाख ।**

५) बुङ शनिबारे बजार -सगरमाथा मा.वि. कृषि शाखा सडक ट्रयाक ओपन तथा सोलिङ **रु ३ लाख ।**

६) खिसोदो टोल कृषि सडक ट्रयाक ओपन **रु. ४ लाख ।**

७) बुल्तोसुम डाँडा गाउँदेखि लुङखर्दोसम्म सडक ट्रयाक ओपन **रु. ६ लाख ।**

८) थोन्दो पातल, घिउपात कृषि सडक ट्रयाक ओपन **रु. ९ लाख** ।

९) बोदेर्ला खेलमैदान घेराबार **रु. २ लाख ।**

१०) छेक्मा खानेपानी मर्मत **रु. १ लाख ।**

११) कोलाम डाँडा पार्क निर्माण **रु. १० लाख ।**

१२) देवा तोषखम घेराबार **रु. १ लाख ५० हजार ।**

१३) हुर्हुरे बालविकास भवन छेउ आर.सि.सि. पुल निर्माण **रु. ४ लाख।**

१४) रिस्कोउ खप्री ट्रष्ट ब्रिज निर्माण **रु. १४ लाख।**

१५) कृषक समूह मार्फत कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रम **रु. ३ लाख ५० हजार।**

१६) पात्ले खुलाल कार्की एकता समाज देवाली मन्दिर व्यवस्थापन **रु. १ लाख ।**

**जम्मा रु. ८६ लाख।**

**ख) राजस्व बाँडफाँड तर्फ :रु.२० लाख।**

१. कागती पकेट, राइटोल **रु.२ लाख**।

२. नेपाल किरात कुलुङ संघबाट सचेतना कार्यक्रम रु.**२ लाख।**

३. प्रगतिशिल महिला सचेतनात्मक कार्यक्रम **रु.५० हजार**।

४. वडा खेलकुद समिति मार्फत खेलकुद कार्यक्रम **रु.२ लाख ५० हजार।**

५. छात्रवृद्धि कोष (Bsc Biology Environmental Science) अरुणा कुलुङ **रु.३ लाख** ।

६. सोताङ गा.पा. सिमाना देखि राइटोल हुदै वोदेर्ला मूख्य सडक सम्म सडक ट्र्याक ओपन रु.**१० लाख**।

**जम्मा रु.२० लाख।**

**जम्मा (क+ख) १ करोड ६ लाख मात्र।**

## २०. वडा नं. २ को स्वीकृत योजना तथा कार्यक्रमहरु :
## क) राजस्व बाँडफाँड २० लाख।

१) कार्यालय सञ्चालन तथा विविध खर्च **रु. ७ लाख**।

२) लक्षित वर्ग : **रु.४ लाख।**

१)जेष्ट नागरिक : **रु.१ लाख।**
२)महिला, बालबालिका **रु.१ लाख ५० हजार।**
३)फरक क्षमता: **रु.५० हजार**।
४)दलित कार्यक्रमका लागि रु. **रु.१ लाख।**

३. तोरीमोरी पकेट कार्यक्रम **रु. २ लाख।**

४) बोही साविस भवन फर्निचर निर्माण/सिलिङ **रु. १ लाख ५० हजार।**

५) वडा कार्यालय Managable Router सहित सिसि क्यामेरा खरिद व्यवस्थापान
**रु. २ लाख ५० हजार।**

६) मानेवा खानेपानी मर्मत **रु. २ लाख।**

७) निङखम पहिरो रोकथाम **रु. १ लाख।**

## ख) वित्तीय समानिकरणः ८६ लाख।

१) हलुमउ विद्युत विस्तार योजना रु **६ लाख।**

२) पेलानी मिल निर्माण तथा सञ्चालन **रु. ७ लाख।**

३) पपिलु वोखम बालकक्षा भवन तथा फर्निचर निर्माण **रु. १० लाख।**

४) शिवमन्दिर योजना निर्माण **रु. ४ लाख।**

५) चोङखिदो-पाउरहाउ-बुल्तोसुम सडक ट्र्याक ओपन **रु. १५ लाख।**

६) बोही तिन्दुमा कृषि सडक ट्र्याक ओपन **रु. १२ लाख।**

७) सम्बु मानेवा कृषि सडक ट्र्याक ओपन **रु. १२ लाख।**

८) डाँडा गाउँ खार्दो कृषि सडक निर्माण **रु. ४ लाख।**

९) बाह्रौ राष्ट्रिय जनगणना सम्बन्धी जनचेता कार्यक्रम **रु. २ लाख।**

१०) महाकुलुङ संग्राहलय सामाग्री खरिद तथा व्यवस्थापन **रु. ३ लाख ।**

११) फुलवत्ती खोला सडक ट्र्याक ओपन **रु. १ लाख।**

१२) पेल्माङ आ.वि. सामाग्री खरिद रु.**२ लाख।**

१३) चोमोलुङमा आ.वि. खेलमैदान निर्माण **रु. २ लाख।**

१४) आधारभूत स्वास्थ्य सेवा केन्द्र व्यवस्थापन **रु. १ लाख।**

**जम्मा खर्च : रु.८१ लाख मात्र।**
**जम्मा (क+ख)=१ करोड १ लाख।**

२१. **वडा नं. ३ को स्वीकृत योजना तथा कार्यक्रमहरुः**

**क) वित्तीय समानिमकरण तर्फ : ८६ लाख ।**

| | |
|---|---|
| १) कार्यालय सञ्चालन तथा विविध खर्चः | रु.**७ लाख** । |
| **२) लक्षित वर्ग अन्तर्गत :** | **रु.४ लाख ।** |
| १)जेष्ठ नागरिकः | **रु.८० हजार ।** |
| २)बालबालिका : | रु.**३० हजार ।** |
| ३)दलित : | रु.**४० हजार ।** |
| ४)महिला : | रु.**१ लाख ।** |
| ५)फरक क्षमता : | रु.**२५ हजार ।** |
| ६)कुलुङ जनजाति : | रु.**१ लाख ।** |
| ७) शेर्पा | **रु.२५ हजार ।** |
| ३) अल्लो पकेट | **रु.२ लाख ।** |
| ४) वडा कार्यालय व्यवस्थापन | **रु.१ लाख ५० हजार ।** |
| ५) स्वास्थ्य चौकी व्यवस्थापन | **रु. २ लाख ।** |
| ६) छेस्काम मा.वि. नमूना कार्यालय व्यवस्थापन | **रु १ लाख ।** |
| ७) छेस्काम मा.वि. सरस्वती मन्दिर निर्माण | **रु. ३ लाख ।** |
| ८) छेस्काम मा.वि. पहिरो रोकथाम | **रु. ३ लाख ।** |
| ९) हल्ला खेलमैदान व्यवसथापन | **रु. ५ लाख ।** |
| १०) हल्ला खेलमैदान मञ्च निर्माण | रु.**४ लाख ५० हजार ।** |
| ११) प्रहरी चौकी व्याडमिन्टन कोर्ट निर्माण . | **रु. १ लाख ।** |
| १२) पेलेम्ला मोटरबाटो निर्माण | **रु. ३ लाख ।** |
| १३) हल्ला -छेम्सी मोटर बाटो स्तरोन्नती तथा मर्मत | **रु. २ लाख ।** |

| | |
|---|---|
| १४) पिचिरिम बुस्पम खार्दो स्तरोन्नती | **रु. २ लाख ।** |
| १५) देवीथान मन्दिर व्यवस्थापन तथा चर्पी निर्माण | **रु. ३ लाख ।** |
| १६) बुर बजार शौचालय निर्माण | **रु १ लाख ५० हजार ।** |
| १७) पञ्चमी थान शौचालय निर्माण | **रु. १ लाख ।** |
| १८) प्रसाद्धो बजार शौचालय निर्माण | **रु. १ लाख ।** |
| १९) हारिम्बु आहाल संरक्षण तथा व्यवस्थापन | **रु. २ लाख ।** |
| २०) दलित वस्ती गोरेटोबाटो तथा सोलिङ निर्माण | **रु. ३ लाख ।** |
| २१) खासिबु कालिका नागथान निर्माण | **रु. १ लाख ।** |
| २२) खाम्सिदो खेलमैदान घेराबार | **रु. २ लाख ।** |
| २३) मामेर्कु बुकुर पदमार्ग निर्माण | **रु. २ लाख।** |
| २४) बोक्सुवार गुफा टहरा निर्माण | **रु. १ लाख ५० हजार** |
| २५) बुर्छोपा पाँचपोखरी खानेपानी सर्भे | **रु. १ लाख ।** |
| २६) नुम्सुम्बो खानेपानी व्यवस्थापन | **रु. १ लाख ।** |
| २७) दुप्खम्ला पक्की पूल निर्माण | **रु. ३ लाख ५० हजार ।** |
| २८) लिवा पक्की पूल निर्माण | **रु. ३ लाख ।** |
| २९) खासिबु पक्की पूल निर्माण | **रु. २ लाख ५० हजार ।** |
| ३०) बोखिल्वा चालिङखम घेराबार | **रु. १ लाख ।** |
| ३१) गोही आइतबारे घेरबाबार तथा टहरा निर्माण | **रु. १ लाख ५० हजार ।** |
| ३२) खार्दो आइतबारे थान टहरा निर्माण | **रु. १ लाख ५० हजार ।** |
| ३३) खासिबु चालिङखम व्यवस्थापन | **रु. १ लाख ।** |
| ३४) जनसुधार आ.वि. खेलमैदान निर्माण | **रु. ३ लाख ।** |
| ३५) बुकुर पिक अवलोकन तथा सम्भाव्यता अध्ययन | **रु. २ लाख ।** |
| ३६) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन | **रु. ३ लाख ।** |

३७) खाम्सीदो पञ्चमीथान टहरा निर्माण **रु. १ लाख ।**

३८) शिव नाग मामेर्कु व्यवस्थापन **रु. १ लाख ।**

३९) छेस्काम-काठमाण्डौं सम्पर्क मञ्च **रु. १ लाख ।**

**ख) राजस्व बाँडफाँड तर्फः २० लाख ।**

१) पिचिरिम हुँदै जुम्लो खुस्को मोटरबाटो ट्र्याक ओपन **रु.९ लाख ।**
२) दलित आरान निर्माण **रु.९ लाख ।**
३) बोक्सुवार गुम्बा व्यवस्थापन **रु.१ लाख ।**
४) महिला प्रगतिशिल कार्यक्रम सञ्चालन **रु.१ लाख ।**

**जम्मा : २० लाख ।**

**जम्मा (क+ख)=१ करोड ६ लाख ।**

२२. **वडा नं. ४ को स्वीकृत योजना तथा कार्यक्रमहरुः**
**क) वित्तीय समानिमकरण तर्फ : ८१ लाख ।**

१) कार्यालय सञ्चालन तथा विविध खर्चः रु.**७ लाख** ।

२) लक्षित वर्ग अन्तर्गत :

१)जेष्ठ नागरिकः **रु.१ लाख ।**

२) बालबालिका : **रु.५० हजार ।**

३) दलित : रु.**५० हजार ।**

४) महिला : **रु. ७० हजार ।**

५) फरक क्षमता : **रु. ५० हजार ।**

६) जनजातिः **रु. ८० हजार ।**

३) सतुवा पकेट **रु २ लाख ।**

| | |
|---|---|
| ४) वडा कार्यालय भवन निर्माण तथा डिपिआर | रु. **४० लाख ।** |
| ५) चाक्चाकुर कार्यक्रम | रु. **४ लाख ।** |
| ६) कंखो खोला देखि गुदेल मा.वि. सम्मसडक सरसफाइ | **रु.४ लाख ।** |
| ७) गुदेल मा.वि. भवन मर्मत | **रु. ३ लाख ।** |
| ८) तुमाउ आ.वि. तारजाली तथा खेलमैदान व्यवस्थापन | **रु. २.५ लाख ।** |
| ९) शहिद स्मृति आ.वि. घडेरी व्यवस्थापन | **रु. २ लाख ।** |
| १०) नेपाल किरात कुलुङ भाषा संस्कृति उत्थान संघ | **रु. १ लाख ।** |
| ११) महाकुलुङ टेलिभिजन कार्यक्रम | **रु. १ लाख ।** |
| १२) महिला कार्यक्रम सञ्चालन | **रु. ५० हजार ।** |
| १३) हुँगा कृषि तथा पशु फर्म | **रु. २.५ लाख ।** |
| १४) लालिगुँरास सामुदायिक भवन निर्माण | **रु. ३.७५ लाख ।** |
| १५) रादो खेलमैदान निर्माण | **रु. १.७५ लाख ।** |

**ख) राजस्व बाँडफाँड तर्फः २० लाख ।**

| | |
|---|---|
| १) साहुने सिलुछो पर्यटन पदमार्ग डिपिआर | **रु. ५ लाख ।** |
| २) शेयर तालिम तथा व्यवस्थापन | **रु. १ लाख ।** |
| ३) कम्प्युटर सामूहिक कक्षा  सञ्चालन | **रु. १.५ लाख ।** |
| ४)प्रगतिशिल महिला समाज सोलुखुम्बु | **रु. १ लाख ।** |
| ५)डोदाक-तुमाउ -लच्चाम कृषि सडक | **रु. ४ लाख ।** |
| ६) विश्वकर्मा आरण मेसिन | **रु. २ लाख ।** |
| ७) वडा खेलकुद विकास समिति | **रु.१.५लाख ।** |
| ८) तिउ गोरेटो बाटो निर्माण | **रु. १.५ लाख ।** |

९) महाकुलुङ टर्की खरिद — **रु. १ लाख ।**

१०) महाकुलुङ चक्रपथ-बासुकी आ.वि. सडक व्यवस्थापन — **रु.१.५ लाख ।**

**<u>जम्मा</u> (क+ख) =<u>१ करोड १ लाख ।</u>**

२३. **वडा नं. ५ को स्वीकृत योजना तथा कार्यक्रमहरुः**

**क) वित्तीय समानिमकरण तर्फ : ८१ लाख ।**

१) कार्यालय सञ्चालन तथा विविध खर्चः — रु.**७ लाख ।**

२) लक्षित वर्ग अन्तर्गत : — **रु.४ लाख ।**

   १) जेष्ठ नागरिकः — **रु.८० हजार ।**

   २) बालबालिका : — **रु.८० हजार ।**

   ३) महिला : — **रु.८० हजार ।**

   ४) फरक क्षमता : — **रु.८० हजार ।**

   ५) जनजाति : — **रु.८० हजार ।**

३) अमरज्योति आ.वि. — **रु. ४ लाख ।**

४) विरिस्दो डाँडा नोई कृषि सडक — **रु ८ लाख ।**

५) मानेदो बोजोला माझ टोल हुदै वावाल्मा कृषि सडक — **रु. ५ लाख ।**

६) बाइबाइला देखि देप्कोतेम गोरेटो बाटो — **रु. ५ लाख ।**

७) शेर्पा ल्होसार — **रु. २ लाख ।**

८) नेपाल किरात कुलुङ भाषा संस्कृति उत्थान संघ — **रु. १ लाख ।**

९) खेलकुद — **रु. २ लाख ।**

१०) महिला — **रु. ५ लाख ।**

११) कृषि तथा पशु विकास कार्यक्रम — **रु. ३ लाख ।**

१२) गुदेल स्वास्थ्य चौकी — **रु. ४ लाख ।**

१३) नर्कुम घ्याङखर्क पर्यटन पदमार्ग निर्माण — **रु. ५ लाख ।**

१४) पोम्लालुङ पर्यटन पदमार्ग निर्माण — **रु. ५ लाख ।**

१५) चारघरे ढलव्यवस्थापन **रु. २ लाख।**

१६) गुदेल देवीथान चर्पी निर्माण **रु. १ लाख।**

१७) योलुभुम देवीथान चर्पी निर्माण **रु. १ लाख।**

१८) सूचना प्रविधि व्यवस्थापन **रु. ३ लाख ।**

१९) मेसन तालिम **रु. ४ लाख।**

२०) डाआई भूतखर्क लाम्दोना हुदै नर्कुम डिपिआर सहित सडक ट्रयाक ओपन **रु. ८ लाख ।**

२१) अदुवा वेसार पकेट **रु. २ लाख।**

**ख) राजस्व बाँडफाँड तर्फः २० लाख।**

१) गुदेल मा.वि. **रु.३ लाख।**

२) हलोमत्ती पोखरी संरक्षण **रु. ४ लाख।**

३) विरीस्को डाँडा देखि वाफदो सामुदायिक भवन कृषि सडक ट्रयाक ओपन

**रु. ६ लाख।**

४) निमम्चोला-पिडाले गोरेटो बाटो निर्माण **रु. १ लाख।**

५) कुलुङ रिदुम पुस्तक लेखन तथा प्रकाशन **रु. १ लाख।**

६) जापानीज कागज तालिम तथा मेसिन खरिद **रु. ५ लाख।**

**जम्मा (क+ख) =१ करोड १ लाख।**

२४. प्रस्तुत बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने तथा बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल र सुझावको लागि गाउँपालिकाको अध्यक्ष, वडाध्यक्षहरु, विषयगत समितिका संयोजक तथा सदस्यहरु, गाउँकार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका शाखा प्रमुख तथा सम्पूर्ण कर्मचारीहरु, राजनीतक कर्मीहरु, संघसस्थांका प्रमुख तथा प्रतिनिधिहरु, बुद्धिजिविवर्ग, शिक्षक, व्यापारी, पर्यटन व्यवसायी सम्पूर्ण प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै आगामी वर्षको यो बजेट कार्यान्वयनमा सबै पक्षको साथ र सहयोगको अपेक्षा गर्दछ।

# धन्यवाद्।